# गोरखा नगरपालिका
# GORKHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
डुम्रीडाँडा, गोरखा
Dumri Danda, Gorkha

☎: 064-420269
४ नं. प्रदेश, नेपाल
4 No. Province, Nepal


पत्र संख्या (Reference No.): ०७७।०७८
चलानी नं. (Dispatch No.): ९८५

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डुम्रीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

मिति: २०७७।०९।०७

श्री सबै सामुदायिक विद्यालय
गोरखा नगरपालिका, गोरखा।

**विषय: कार्यक्रम तथा योजनाको प्रस्तावना पेश गर्ने बारे।**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका योजना तथा कार्यक्रमहरु विद्यालय तहमा कार्यन्वयनमा ल्याउनका लागि तपसिलमा उल्लिखित कार्यक्रम तथा योजना आवश्यकताका आधारमा सकेसम्म गत गत आ.व. मा परेका कार्यक्रम तथा योजनाहरु नदोहोरिने गरी सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्तावना पत्र तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन अनुरोध छ।

पूनश्च: बुँदा नं १२ को लघु अनुसन्धानको हकमा तोकिएको शर्त र ढाँचामा मिति २०७७।१०।१५ भित्र आफूले तयार गरेको लघु अनुसन्धान गोप्य सिलबन्दी गरी आफू कार्यरत विद्यालयको सेवारत रहेको पत्र सहित शिक्षा, युवा तथा खेलकुद शाखामा पेश/दर्ता गर्नु हुन। साथै तोकिए बमोजिमको समय, शर्त र ढाँचामा प्राप्त नभएका लघु अनुसन्धानलाई प्रतिस्पर्धात्मक मूल्याङ्कनमा समावेश गरिने छैन।

<u>कार्यक्रम तथा योजना</u>

1. माध्यमिक विद्यालयमा शिक्षण सिकाइमा ICT को प्रयोग
2. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला
3. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (बुँदा नं १, २ र ३ का जम्मा ९ वटा कार्यक्रम/योजना)
4. WASH सुविधा भएको शौचालय निर्माण (बढीमा ३ वटा कार्यक्रम/योजना)
5. बाल विकास केन्द्रको नमुना व्यवस्थापन निर्माण (बढीमा ५ वटा कार्यक्रम/योजना)
   बाल विकास केन्द्रमा बसाइ व्यवस्थापन र सुचना प्रविधिको माध्यमबाट SMART TV मा Visual कक्षा सञ्चालन (साझेदारीमा कार्यक्रम गर्न सकिने गरी लागत समेत खुलेको प्रस्तावना)
6. उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (कक्षा ८, कक्षा १० र कक्षा १२ मध्ये कुनै १ कक्षाको तपसिलका मापदण्डका आधारमा मूल्याङ्कन हुन सक्न भएकाले प्रत्येक कक्षाको वेग्ला वेग्लै तथ्याङ्क हुनु पर्नेछ) कुनै १ विद्यालय

| विद्यार्थी संख्या प्रति कक्षा २० | | | | विद्यार्थी औषत सिकाइ उपलब्धी २० | | | | विद्यार्थीको औषत उपस्थिति २० | | | | विद्यार्थीको कक्षा छाड्ने दर २० | | | | शिक्षक उपस्थिति २० | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० सम्म | ७५ सम्म | १०० सम्म | १०० माथि | २.० सम्म | २.४ सम्म | २.८सम्म | ३.२ माथि | ७५% सम्म | ८०% सम्म | ८५% सम्म | ९०% माथि | २०%सम्म | १५% सम्म | १०%सम्म | ५%मुनि | २०%सम्म | १५% सम्म | १०%सम्म | ५%मुनि | |
| ५ | १० | १५ | २० | ५ | १० | १५ | २० | ५ | १० | १५ | २० | ५ | १० | १५ | २० | ५ | १० | १५ | २० | १०० |

7. तोकिएको सुचकाङ्कको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (केही विद्यालय)
   विद्यालय अनुदान व्यवस्थापन निर्देशिका- २०७४ अनुसारको प्रस्ताव हुनु पर्नेछ।
8. विद्यालयको भौतिक अवस्थाका आधारमा फर्निचर तथा घेराबार (केही विद्यालय)
   फर्निचरको अभाव भएका र घेराबार नभएका विद्यालयका लागि

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गोरखा नगरपालिका
GORKHA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
डुम्रीडाँडा, गोरखा
Dumri Danda, Gorkha
☎: 064-420269
४ नं. प्रदेश, नेपाल
4 No. Province, Nepal

पत्र संख्या (Reference No.): ०७७/०७८
चलानी नं. (Dispatch No.): ९८५

9. गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits) अनुदान (केही)
आधारभूत तह कक्षा ६-८ सञ्चालन भएका विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट विकास एवम् स्वीकृत भएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका सामग्रीहरु खरिद गरी विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउने विद्यालय व्यस्थापन समितिको प्रतिवद्धता सहितको निर्णय सहितको निवेदन

10. आधारभूत तह सञ्चालित विद्यालयका लागि शिक्षण सिकाइमा ICT को प्रयोग तथा व्यवस्थापन (केही)
विद्युतको नियमित आपूर्ति भएका, विद्यालयमा इन्टरनेटको पहुँच भएका, ICT का माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्ने आधारभूत विद्यालयले गणित, विज्ञान, अङ्ग्रेजी, कम्प्युटर जस्ता विषयहरु शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण साथै विव्यसको निर्णय सहितको प्रस्तावना

11. नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान (नमुना विद्यालयको लागि मात्र)
स्वीकृत गुरुयोजनामा उल्लिखित शैक्षिक सुधारका लागि पहिचान भएका कार्यक्रमहरु मध्ये यस पूर्व विनियोजित बजेटको कार्य प्रगति सहित पूरा गर्न बाँकी कार्यक्रमहरुबाट विद्यालय व्यस्थापन समितिको निर्णयानुसार प्राथमिकताका आधारमा यस आर्थिक वर्षमा सम्पन्न गरिने शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट सहितको प्रस्तावना

12. तहगत (आधारभूत र माध्यमिक) रुपमा प्रतिस्पर्धात्मक मूल्याङ्कन हुने गरी लघु अनुसन्धान कार्यक्रम
क. लघु अनुसन्धानको शीर्षक/ क्षेत्र स्वयम् निर्धारण गरिएको हस्त लिखित हुनु पर्ने।
ख. बुझाउनु पर्ने समय सीमा: मिति २०७७ माघ १५ गते सम्म
ग. लघु अनुसन्धान लेखन ढाँचा तथा मूल्याङ्कनका आधारहरु (कम्तीमा ३ जनाको गोप्य मूल्याङ्कनको औषतका आधारमा नतिजा प्रकाशन हुने)

| क्रसं | आधार/सूचक | अङ्कभार |
|---|---|---|
| १ | शीर्षक | २ |
| २ | परिचय | ४ |
| ३ | समस्या पहिचान | ३ |
| ४ | उद्देश्य | ३ |
| ५ | सान्दर्भिकता | ३ |
| ६ | सीमा परिसीमा | २ |
| ७ | अध्ययन विधि | ४ |
| ८ | सुचना/तथ्याङ्क संकलन/साधन/व्याख्या/विश्लेषण | १३ |
| ९ | निष्कर्ष | ३ |
| १० | सुझाव | २ |
| ११ | सन्दर्भ सूची | १ |
| १२ | अन्तर्वार्ता | १० |
| | कूल जम्मा | ५० |

विस्तृत जानकारीका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभ साइटमा भएको कार्यक्रम कार्यान्वयन पुस्तिका हेर्नुहोला।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner